**नेपाल कानून व्यवसायी परिषद्**

**पार्षद्को निर्वाचन आचारसंहिता- २०७६,**

नेपाल कानून व्यवसायी परिषद्का पार्षद्हरुको निर्वाचनलाई स्वतन्त्र, स्वच्छ, मर्यादित, निष्पक्ष र विश्वसनीय बनाउनका लागि निर्वाचन समन्वय समितिले यो निर्वाचन आचारसंहिता, २०७६ बनाई लागू गरेको छ ।

परिच्छेद - १

**प्रारम्भिक**

१. संक्षिप्त नाम र प्रारम्भ :

(१) यो आचारसंहिताको नाम नेपाल कानून व्यवसायी परिषद्, पार्षद्को निर्वाचन आचारसंहिता- २०७६ रहेको छ ।

(२) यो आचारसंहिता तुरुन्त प्रारम्भ भई लागू हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस आचारसंहितामा–

(क) **'ऐन'** भन्नाले नेपाल कानून व्यवसायी परिषद् ऐन, २०५० सम्झनुपर्छ ।

(ख) **'नियम'** भन्नाले नेपाल कानून व्यवसायी परिषद् ऐन, २०५० अन्तरगत तबनेको नियम सम्झनुपर्छ ।

(ग) **'पार्षद'** भन्नाले नेपाल कानून व्यवसायी परिषद्को पार्षदलाई सम्झनुपर्छ ।

(घ) **'निर्वाचन समन्वय समिति'** भन्नाले परिषदबाट गठित निर्वाचन समन्वय समिति सम्झनुपर्छ ।

(ङ) **'निर्वाचन अधिकृत' भन्नाले निर्वाचन समन्वय समितिका प्रमुख निर्वाचन अधिकृतलाई समेत जनाउँछ ।**

(च) **'निर्वाचन सञ्चालन समिति'** भन्नाले निर्वाचन समन्वय समितिबाट आवश्यकता अनुसार गठित प्रत्येक मतदान केन्द्रका निर्वाचन सञ्चालन समिति सम्झनुपर्छ ।

(छ) **'मतदान अधिकृत'** भन्नाले प्रत्येक मतदान केन्द्र र उपकेन्द्रका लागि निर्वाचन समन्वय समितिबाट नियुक्त मतदान अधिकृत सम्झनुपर्छ ।

(ज) **'मतदाता'** भन्नाले भन्नाले परिषद्मा रितपूर्वक अध्यावधिक भई तोकिए बमोजिम पार्षद निर्वाचनमा मतदान गर्न याोग्य मतदाता नामावलीमा नाम प्रकाशित कानुन व्यवसायी सम्झनुपर्छ ।

(झ) **'उम्मेदवार'** भन्नाले परिषद सदस्यको निर्वाचनमा उम्मेदवारी दिई उम्मेदवारको अन्तिम नामावलीमा कायम रहेका उम्मेदवारहरूलाई सम्झनुपर्छ ।

(ञ) **'कर्मचारी'** भन्नाले निर्वाचन समन्वय समितिमा कार्यरत कर्मचारी वा निर्वाचन सञ्चालन समितिले निर्वाचन अवधिभरका लागि नियुक्त गरेका अन्य कर्मचारीलाई समेत जनाउँछ ।

परिच्छेद - २

**उम्मेदवारहरूले पालना गर्नुपर्ने आचरण**

३. नेपाल कानून व्यवसायी परिषद् पार्षद को निर्वाचनका उम्मेदवार तथा निजहरूसँग सम्बन्धित व्यक्तिहरूले निर्वाचन अभियान सञ्चालन गर्दा-गराउँदा देहायका आचरणहरू पालना गर्नु गराउनु पर्नेछ :

(१) मानव अधिकार, कानूनी राज्य र स्वतन्त्र न्यायपालिकाको प्रतिकूल हुने गरी निर्वाचन प्रचार प्रसार गर्नु गराउनु हुँदैन।

(२) कुनै धर्म, सम्प्रदाय, जात-जाति, लिङ्ग, भाषा, वर्ग, समुदाय वा प्रादेशिकताको आधारमा घृणा वा द्वेष उत्पन्न गर्ने गरी निर्वाचन प्रचार प्रसार गर्नु गराउनु हुँदैन ।

(३) निर्वाचन प्रचार प्रसारको सन्दर्भमा प्रयोग गरिने भाषा सरल, शिष्ट र मर्यादित हुनुपर्छ ।

(४) उम्मेदवार वा तिनका समर्थकहरूले अरू उम्मेदवारहरूले आयोजना गरेको कार्यक्रम वा सभा बिथोल्न वा त्यसमा बाधा पुऱ्याउन वा अवरोध गर्न हुँदैन ।

(५) अरू उम्मेदवारहरूलाई प्रतिकूल असर पर्नेगरी उही समय, स्थान र मार्गमा कार्यक्रम, ऱ्याली, भेला वा सभा आयोजना गर्न पाइने छैन ।

(६) निर्वाचनको दिन मतदान शुरु हुनुभन्दा ४८ घण्टाअघिदेखि मतदानको काम पूरा नभएसम्म मतदानकेन्द्र क्षेत्रभित्र कुनै प्रकारले प्रचार प्रसार गर्नु गराउनु पर्चा पम्पलेट टाँस्न हुँदैन ।

(७) कसैले पनि कुनै किसिमको डर त्रास/धाक धम्की दिई वा बल प्रयोग गरी वा प्रलोभन दिई निर्वाचन समन्वय समिती वा यसका सदस्य, निर्वाचन सञ्चालन समितिका पदाधिकारी, मतदान अधिकृत, निर्वाचन पर्यवेक्षक, निर्वाचन स्वयम्‌सेवक, उम्मेदवार वा निर्वाचनसँग सम्बद्ध व्यक्ति, कर्मचारी वा शान्तिसुरक्षा कायम गर्ने जिम्मेवारीमा रहेका सुरक्षाकर्मीलाई आफ्नो कर्तव्य पालन गर्नबाट विचलित गर्नु गराउनु हुँदैन ।

(८) कसैले पनि मतदातालाई डरत्रास/धाक-धम्की वा प्रलोभन दिने वा धर्म भकाउनेजस्ता काम गरी निजको इच्छाविपरीत मतदान गर्न वा नगर्न बाध्य गर्नु-गराउनु हुँदैन ।

(९) कसैले पनि कुनै किसिमको डर-त्रास/धाक-धम्की दिई वा बल प्रयोग गरी कुनैपनि उम्मेदवारलाई निर्वाचनको प्रचार-प्रसार गर्न नपाइने गरी रोक्ने, थुन्ने, छेक्ने, वन्धक वनाउने वा निर्वाचनमा प्रत्यक्ष वा परोक्ष रूपबाट असर पर्न सक्ने गरी कुनै पनि किसिमको काम कारवाही गर्नु-गराउनु हुँदैन ।

(१०) निर्वाचन बिथोल्ने वा निर्वाचनप्रति वितृष्णा पैदा हुने वा निर्वाचनमा भ्रम सिर्जना हुने वा निर्वाचनमा अवरोध हुनेगरी कुनै कार्य गर्नु गराउनु हुँदैन ।

(११) मतदाताहरूलाई मतदान गर्न जान वा मतदान गर्नबाट वञ्चित गराउने अभिप्रायद्वारा कुनै पनि किसिमले बाधा, अवरोध वा थुनछेक गर्नु गराउनु हुँदैन ।

(१२) कुनै पनि उम्मेदवार वा निजका प्रतिनिधि वा समर्थक वा कुनै व्यक्तिले बल प्रयोग गरी वा डर-त्रास देखाई वा धम्की दिई वा प्रलोभनमा पारी मतदान केन्द्र आफ्नो कब्जामा लिनु वा मतपत्र वा मतपेटिका वा मतदान सामग्री जबर्जस्ती कब्जामा लिनु वा खोस्नु वा नास्नु हुँदैन ।

(१३) मतदातालाई प्रभावपार्ने उद्देश्यले कुनै प्रकारले नगद वा जिन्सी वा कुनैपनि किसिमको उपहार लिनु र दिनु हुँदैन ।

(१४) मतदातालाई प्रभाव पार्ने उद्देश्यले भोज भतेरको आयोजना गर्न-गराउन वा मादक पदार्थ सेवन गरी निर्वाचन क्षेत्रभित्र प्रवेश गर्नु हुँदैन ।

(१५) पेशागत मर्यादा प्रतिकूलको कुनै पनि कार्य गर्नु गराउनु हुँदैन ।

(१६) कुनै उम्मेदवारको आलोचना गर्दा त्यस्तो उम्मेदवारको घोषणापत्र वा प्रतिबद्धता-पत्र एवं नीति तथा कार्यक्रममा मात्र सीमित रहनुपर्नेछ र आलोचना शिष्ट र मर्यादित भाषामा गर्नु पर्नेछ ।

(१७) उम्मेदवारले आफ्ना प्रतिनिधि तथा समर्थकहरूलाई निर्वाचन सम्बन्धी आचारसंहिताको पूर्णरूपमा जानकारी गराई सोको पालना गर्न गराउन लगाउनु पर्नेछ । आफ्ना प्रतिनिधि वा समर्थकबाट आचारसंहिता उल्लङ्घन भएमा सोको जिम्मेवारी उम्मेदवार स्वयम्‌ले लिनुपर्नेछ ।

(१८) निर्वाचनको क्रममा निर्वाचन समन्वय समिति र निर्वाचन सञ्चालन समिति तथा मतदान अधिकृत साथै मतगणना अधिकृतको आदेश तथा निर्देशनलाई पूर्णरूपमा पालना गर्नु गराउनुपर्नेछ ।

(१९) मतदान केन्द्र र त्यसको वरिपरि निर्वाचनको प्रचार प्रसारसँग सम्बन्धित कुनैपनि कुरा टाँस्नु वा टाँस्न लगाउनु वा लेख्नु वा लेख्नलगाउनु समेत हुँदैन ।

(२०) कुनैपनि उमेदवारले पोस्टर, तुल वा ब्यानर, फ्लेक्स बोर्ड टाँस्न वा भ्ुण्ड्याउन पाउने छैन । **पर्चा पम्प्लेट समेत बढीमा २० से.मि. चौडाई तथा ३० से.मि. लम्बाईको र २ वटा कलरमा भएको मात्र प्रयोग गर्नुपर्नेछ ।**

(२१) निर्वाचन समन्वय समिति वा निर्वाचन सञ्चालन समितिद्वारा प्रकाशित सूचना वा निर्वाचन सामग्रीलाई कसैले बिगार्न, नास्न, केरमेट गर्न वा अन्य कुनै किसिमबाट थपघट गर्न गराउन विकृत तुल्याउन वा क्षति पुऱ्याउन हुँदैन ।

परिच्छेद - ३

## निर्वाचनका सबै पक्षले पालना गर्नुपर्ने आचरण

४. पार्षदको निर्वाचनमा निर्वाचनका सबै पक्षले देहायका आचरणहरू पालना गर्नु-गराउनु पर्नेछ ।

(१) निर्वाचन समन्वय समिती वा मतदान अधिकृतले कुनैपनि उम्मेदवारको पक्ष वा विपक्षमा अनुकूल वा प्रतिकूल प्रभाव पर्ने कार्य गर्नु गराउनु हुँदैन ।

(२) निर्वाचनको दिन मतदान केन्द्रमा मतदान गर्ने मतदाताले आफ्नो साथमा क्यामेरा, मोबाईल फोन सेट आदि राख्न पाउने छैन ।

(३) ऐन, नियम, निर्देशिका र यस आचारसंहिताको अक्षरस पालना गरी मतदाताले मतदान गर्नु पर्नेछ ।

(४) आचारसंहिताको पालना भए/नभएको सम्बन्धमा निर्वाचन समन्वय समितिले आवश्यकता अनुसार अनुगमन टोलीहरू गठन गरी पर्यवेक्षकद्वारा जाँचबुझ र अनुगमन गर्ने गराउनेछ ।

(५) आचारसंहिताको उल्लङ्घन सम्बन्धमा उम्मेदवार वा कुनै व्यक्तिले मौखिक वा विद्युतीय सञ्चारमाध्यमबाट निर्वाचन समन्वय समिति वा निर्वाचन सञ्चालन समिति वा मतदान अधिकृत वा अनुगमन टोलीसमक्ष जानकारी दिन सक्नेछ ।

(६) आचारसंहिता उल्लङ्घन सम्बन्धी लिखित वा मौखिक जानकारी वा निवेदन प्राप्त भई आचारसंहिता पालना नभएको वा उल्लङ्घन गरेको देखिएमा त्यस्तो काम तुरुन्त रोक्न वा बदर गर्नको लागि निर्वाचन समन्वय समितिले सम्बन्धित उम्मेदवार, प्रतिनिधि, समर्थक, व्यक्ति, संस्था, पदाधिकारी वा निकायलाई आदेश दिन सक्नेछ।

(७) आचारसंहिता उल्लङ्घन भएको देखिए वा पाइएमा निर्वाचन समन्वय समिति वा निर्वाचन उपसमिति वा मतदान अधिकृत वा अनुगमन टोलीले आवश्यकता अनुसार स्थानीय प्रशासन वा प्रहरीको सहयोग लिई सोको रोकथामका लागि तत्काल आवश्यक कारबाही गरिनेछ ।

(८) आचारसंहिता उल्लङ्घनसम्बन्धी कारवाहीका विवरणहरू निर्वाचन उपसमिति वा मतदान अधिकृत वा अनुगमन टोलीले निर्वाचन समन्वय समिति समक्ष तुरुन्त पठाउनु पर्नेछ ।

(९) स्थानीय निर्वाचन समिति, मतदान अधिकृत, निर्वाचन स्वयम्सेवक वा कर्मचारीले आचारसंहिता उल्लङ्घन गरेमा अनुगमन टोलीले आवश्यक कारवाहीका लागि निर्वाचन समन्वय समिति समक्ष लेखी पठाउनु पर्नेछ ।

परिच्छेद - ४

## विविध

५. ऐन र नियम बमोजिम हुने : यस आचारसंहिताको कुनै कुरा नेपाल कानून व्यवसायी परिषद् ऐन, २०५० वा यस अन्तरगत बनेको नियम, निर्देशिकासँग बाझिएमा सो हदसम्म आचारसंहिताको प्रावधान अमान्य भई ऐन, नियम वा निर्देशिका बमोजिम हुनेछ ।

६. बाधा अड्काउ फुकाउने : यस आचारसंहिताको कार्यान्वयनमा कुनै बाधा अड्काउ आइपरेमा निर्वाचन समन्वय समितिले उपयुक्त आदेश जारी गरी त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

जारी मिति : २०७६/१०/२ गते